# मिर्चैया नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## मिर्चैया, सिरहा

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०९ गते

यस नगरपालिकाले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारलाई सुरक्षित बनाउन सूचना प्रवाह, समस्यामा परेकाहरुको न्यायका लागि सहजीकरण गर्न, मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्शसेवा प्रदान गर्न र अन्य विभिन्न सचेतनामूलक कार्यहरु सम्पादनका लागि निम्नानुसारको जनशक्तिहरु पदपुर्ती गर्नु पर्ने भएकोले योग्य, अनुभवी ईच्छुक नेपाली नागरिकले माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित १५ (पन्द्र) दिनभित्र कार्यालय समयमा रोजगार सेवा केन्द्रमा आवेदन पेश गर्न आह्वान गरिएको छ ।

| विज्ञापन नं. | रिक्त पद | संख्या | न्यूनतम योग्यता, अनुभव तथा सीप |
|---|---|---|---|
| ०१<br>२०८३/८४ | मनोसामाजिक परामर्शकर्ता | १ जना | ▪ मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण-पत्र लिएकोलाई विशेष प्राथमिकता दिईनेछ ।<br>▪ कम्प्यूटर सम्वन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदि) भएको, नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।<br>▪ महिला र सम्वन्धित स्थानीय तहको आवेदकलाई प्राथमिकता दिईनेछ ।<br>▪ प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिने अयोग्य नभएको । |
| ०२<br>२०८३/८४ | रिटर्नी स्वयंसेवक | २ जना | ▪ न्यूनतम कक्षा १० पास गरी वैदेशिक रोजगारका लागि खाडी मुलुक वा मलेसिया गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको,<br>▪ कम्प्युटर र KOBO App राम्ररी चलाउन सक्ने ज्ञान र सीप भएको,<br>▪ स्थानीय भाषा स्पष्ट बोल्न तथा बुझाउन सक्ने र प्रतिवेदन तयार गर्न सक्ने<br>▪ सामाजिक परिचालन वा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको लाई प्राथमिकता दिईनेछ,<br>▪ प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिने अयोग्य नभएको । |

2083/05/05

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**कार्य अवधिः** २०८४ साल असार मसान्तसम्म हुनेछ, तर आवश्यकता तथा कार्य सम्पादनको आधारमा नवीकरण गर्न सक्नेछ ।

**परिक्षाको किसिम**: मनोसामाजिक परामर्शकर्ताको हकमा लिखित, प्रयोगात्मक र अन्तर्वार्तावाट छनौट गरिनेछ र रिटर्नी स्वयंसेवकको हकमा लिखित र अन्तर्वार्ताबाट छनौट गरिनेछ ।

**आवेदन दस्तुर** : मनोसामाजिक परामर्शकर्ता पदका लागि रु. ७००/- र रिटर्नी स्वयंसेवक पदका लागि रु. ५००/-

**उमेरः** पुरुषको हकमा दरखास्त दिने मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

**तलव तथा सुविधा** : कार्यक्रमको नियमानुसार ।

**पेश गर्नुपर्ने कागजातहरु** :

| | |
|---|---|
| <u>मनोसामाजिक परामर्शकर्ता पदका लागि :</u> स्पष्ट पद सहित निवेदन-पत्र, व्यक्तिगत विवरण (Biodata), फोटो, नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपी, कार्य अनुभवको प्रमाण-पत्रको प्रतिलिपी, तालिम प्रमाण-पत्रको प्रतिलिपी, | <u>रिटर्नी स्वयंसेवक पदका लागि :</u> स्पष्ट पद सहित निवेदन-पत्र, फोटो,राहदानीको प्रतिलिपी (वैदेशिक रोजगारमा जाँदा ईमिग्रेसनले राहदानीमा लगाएको प्रस्थान (Departure) र आगमन (Arrival) को छाप लागेको पेजको प्रतिलिपी, श्रम स्वीकृति भएको पेजको प्रतिलिपी), नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपी, कार्य अनुभव र तालिमको प्रमाण-पत्र भए सोको प्रतिलिपी पेश गर्न सकिनेछ । |

**छनौट प्रक्रियाः** प्रारम्भिक छनोटमा परेका उम्मेवारहरुलाई मात्र परिक्षा प्रक्रियामा समावेश गरिनेछ ।

**आवेदन पाउने स्थान** : आवेदन फाराम यस कार्यालयको वेवसाइट www.mirchaiyamun.gov.np मा प्राप्त गर्न सकिनेछ, साथै आवेदन फाराम यस कार्यालयको रोजगार सेवा केन्द्रवाट पनि प्राप्त गर्न सकिनेछ ।

२०८२/०५/०९

नन्दन कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

**नि. प्रमुख प्रशासकीय अधिकृत**